# सिमकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल


प.सं.-२०८२।०८३ मितिः २०८२।१०।२८

चलानी नं.- १४४१ ने.सं. : ११४६ बुधवार

श्री सामुदायिक तथा संस्थागत विद्यालय सबै
सिमकोट गाउँपालिका,हुम्ला ।

**विषय: शैक्षिक सत्र २०८३ को विद्यार्थी भर्ना अभियान सञ्चालन सम्बन्धमा ।**

उपरोक्त विषयमा **'सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षाको सुनिश्चितता'** भन्ने मूल नाराका साथ आगामी शैक्षिक सत्र २०८३ को लागि विद्यार्थी भर्ना अभियान मिति २०८२।११।०१ गते देखि २०८२।११।१५ गतेसम्म विद्यालयहरुमा सञ्चालन गर्नुहुन निर्देशनसहित अनुरोध छ । विद्यालय उमेर समूहका कोही पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित नहुन् भन्ने उद्देश्यले विद्यालयले देहाय बमोजिमका कार्यक्रमहरू तय गरी भर्ना अभियान सञ्चालन गर्न निर्देशन बमोजिमका कार्यक्रम सञ्चालन गर्नहुन् अनुरोध छ ।

देहाय बमोजिमः

१. **घरदैलो कार्यक्रम:** विद्यालयको सेवा क्षेत्रभित्र रहेका तथा विद्यालय बाहिर रहेका बालबालिकाहरूको पहिचान गरी उनीहरूका अभिभावकलाई शिक्षाको महत्त्वबारे सचेत गराउँदै भर्नाका लागि प्रोत्साहित गर्ने ।

२. **प्रचार-प्रसार:** स्थानीय सञ्चारमाध्यम,सामाजिक सञ्जाल, र सार्वजनिक स्थलहरूमा ब्यानर तथा पम्पलेट प्रदर्शन गरी भर्ना अभियानको प्रचार गर्ने ।

३. **निःशुल्क पाठ्यपुस्तक वितरण:** भर्ना भएकै दिन विद्यार्थीको हातमा नयाँ पाठ्यपुस्तक पुग्ने सुनिश्चितता गर्ने ।

४. **स्वागत कार्यक्रम:** विद्यालयमा नयाँ भर्ना हुन आउने विद्यार्थीहरूलाई उत्सवका रूपमा स्वागत गर्ने वातावरण सिर्जना गर्ने ।

५. **समावेशी भर्ना:** अपाङ्गता भएका, विपन्न, र सीमान्तकृत समुदायका बालबालिकाहरुलाई प्राथमिकताका साथ विद्यालय ल्याउने व्यवस्था मिलाउने ।

तसर्थ, आफ्नो विद्यालयको भौतिक तथा शैक्षिक अवस्था सुदृढ गर्दै स्थानीय समुदाय, जनप्रतिनिधि र शिक्षाप्रेमीहरूको सहयोगमा यस अभियानलाई सफल बनाउनुहुन अनुरोध छ । भर्ना भएका विद्यार्थीहरूको विवरण नियमित रूपमा यस कार्यालयको शिक्षा,युवा तथा खेलकुद शाखामा उपलब्ध गराउनुहोला ।

(बर्ष बहादुर फडेरा)
प्रमुख प्रशासकीय अधिकृत